# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, असोज २२ गते, २०८३ साल (संख्या ४०


## भाग ३

### नेपाल सरकार

### संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको

### सूचना

**संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर ४३**

**<u>क्यासिनो (पहिलो संशोधन) नियमावली, २०८३</u>**

क्यासिनो नियमावली, २०८२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

पर्यटन ऐन, २०३५ को दफा ५६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "क्यासिनो (पहिलो संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ।

२. **क्यासिनो नियमावली, २०८२ मा नियम ८क. थप** : क्यासिनो नियमावली, २०८२ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ८ पछि देहायको नियम ८क. थपिएको छ :-

"**८क. क्यासिनोको स्तरोन्नति** : (१) इजाजतपत्र लिई सानो क्यासिनो सञ्चालन गरिरहेको कम्पनीले सोको स्तरोन्नति गरी ठूलो क्यासिनो सञ्चालन गर्न चाहेमा नियम ३ को उपनियम (१) को खण्ड (क) बमोजिमको चुक्ता पूँजी कायम गरी नियम ७ को उपनियम (१) बमोजिम ठूलो क्यासिनोको लागि आवश्यक निवेदन दस्तुरसहित अनुसूची-५ बमोजिमको ढाँचामा विभागमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा निवेदक कम्पनीले ऐन र यस नियमावली बमोजिमको सर्त र मापदण्ड पूरा गरे नगरेको सम्बन्धमा स्थलगत अनुगमन तथा सुपरीवेक्षण गर्न विभागले कुनै कर्मचारी वा अनुगमन टोली खटाउन सक्नेछ।

(३) उपनियम (२) बमोजिम खटाइएको कर्मचारी वा अनुगमन टोलीले स्थलगत अनुगमन तथा सुपरीवेक्षण गरी निवेदक कम्पनीले ऐन र यस नियमावली बमोजिमको सर्त र मापदण्ड पूरा गरे



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नगरेको व्यहोरा स्पष्ट खुलाई अनुसूची-६ बमोजिमको ढाँचामा विभागमा प्रतिवेदन दिनु पर्नेछ।

(४) उपनियम (१) बमोजिम पेस भएको निवेदन र उपनियम (३) बमोजिम प्राप्त प्रतिवेदनका आधारमा निवेदक कम्पनीले ठूलो क्यासिनो सञ्चालनको लागि ऐन र यस नियमावली बमोजिमको सर्त र मापदण्ड पूरा गरेको देखिएमा विभागले त्यस्तो कम्पनीबाट नियम ७ को उपनियम (८) बमोजिम ठूलो क्यासिनो सञ्चालनको लागि तोकिएको इजाजतपत्र दस्तुर, रोयल्टी र जमानतमा नपुग हुने इजाजतपत्र दस्तुर, रोयल्टी र जमानत दाखिला गराई क्यासिनोको स्तरोन्नति इजाजतपत्र दिनेछ।

तर त्यस्तो कम्पनीले सानो क्यासिनोको लागि चालु आर्थिक वर्षको लागि नवीकरण शुल्क दाखिला गरी नवीकरण गराइसकेको भए नवीकरण बापत तिरेको रकम घटाएरमात्र स्तरोन्नतिको लागि नपुग इजाजतपत्र दस्तुर कायम गर्नु पर्नेछ।"

३. **मूल नियमावलीमा नियम १९क. थप** : मूल नियमावलीको नियम १९ पछि देहायको नियम १९क. थपिएको छ :-

"**१९क. क्यासिनोको क्षमता विस्तार** : (१) क्यासिनो सञ्चालक कम्पनीले आफ्नो क्यासिनोको खेलस्थलको क्षेत्रफल, टेबल वा उपकरणको सङ्ख्या थपी क्षमता विस्तार गर्न चाहेमा सो व्यहोरा खुलाई विभागमा निवेदन दिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा विभागले ऐन र यस नियमावली बमोजिमको सर्त र मापदण्ड पूरा गरे नगरेको सम्बन्धमा त्यस्तो क्यासिनोको स्थलगत अनुगमन तथा सुपरीवेक्षण गर्न कुनै कर्मचारी वा अनुगमन टोली खटाउन सक्नेछ।

(३) उपनियम (२) बमोजिम खटाइएको कर्मचारी वा अनुगमन टोलीले स्थलगत अनुगमन तथा सुपरीवेक्षण गरी निवेदक कम्पनीले ऐन र यस नियमावली बमोजिमको सर्त र मापदण्ड पूरा गरे नगरेको व्यहोरा स्पष्ट खुलाई विभागमा प्रतिवेदन दिनु पर्नेछ।

(४) उपनियम (१) बमोजिम पेस भएको निवेदन र उपनियम (३) बमोजिम प्राप्त प्रतिवेदनका आधारमा निवेदक कम्पनीले ऐन र यस नियमावली बमोजिमको सर्त र मापदण्ड पूरा गरेको देखिएमा विभागले निवेदक कम्पनीबाट देहायको क्षमता विस्तार दस्तुर दाखिला गर्न लगाई क्षमता विस्तारको अनुमति दिन सक्नेछ :-

(क) सानो क्यासिनोले इजाजतपत्र लिंदा स्वीकृत भएको क्यासिनोको खेलस्थलको क्षेत्रफल, टेबल वा उपकरणको सङ्ख्या पचास प्रतिशतसम्म विस्तार गरेमा पचहत्तर लाख रुपैयाँ,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) सानो क्यासिनोले इजाजतपत्र लिँदा स्वीकृत भएको क्यासिनोको खेलस्थलको क्षेत्रफल, टेबल वा उपकरणको सङ्ख्या पचास प्रतिशत भन्दा बढी विस्तार गरेमा एक करोड पचास लाख रुपैयाँ,

(ग) ठूलो क्यासिनोले इजाजतपत्र लिँदा स्वीकृत भएको क्यासिनोको खेलस्थलको क्षेत्रफल, टेबल वा उपकरणको सङ्ख्या पचास प्रतिशतसम्म विस्तार गरेमा एक करोड पचास लाख रुपैयाँ,

(घ) ठूलो क्यासिनोले इजाजतपत्र लिँदा स्वीकृत भएको क्यासिनोको खेलस्थलको क्षेत्रफल, टेबल वा उपकरणको सङ्ख्या पचास प्रतिशत भन्दा बढी विस्तार गरेमा तीन करोड रुपैयाँ ।

(५) यो नियम प्रारम्भ हुँदाका बखत कुनै क्यासिनो कम्पनीले क्षमता विस्तार गरी क्यासिनो सञ्चालन गरेको रहेछ भने यो नियम प्रारम्भ भएको मितिले नब्बे दिनभित्र त्यसरी सञ्चालनमा रहेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क्षमताभन्दा बढी क्षेत्रफल, टेबल वा उपकरणको क्षमता विस्तारको लागि विभागमा निवेदन दिनु पर्नेछ।

(६) उपनियम (५) बमोजिम क्यासिनो कम्पनीको निवेदन प्राप्त भएमा विभागले उपनियम (२) र (३) बमोजिमको प्रक्रिया पूरा गरी र उपनियम (४) बमोजिमको दस्तुर लिई क्षमता विस्तारको अनुमति दिन सक्नेछ।

**आज्ञाले,**
**रामबन्धु सुवेदी**
**नेपाल सरकारको निमित्त सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।